विषयसूची


1 पृष्ठभूमी ... 3

1.1 परिचय ... 3

1.2 DHIS2 प्रणाली के हो ? ... 3

1.3 Capture App के हो ? ... 4

1.4 शव्दावली र तिनको अर्थ ... 4

2 App भागहरू ... 5

3 Actions ... 8

4 मुल दर्ता भर्ने तरिका ... 10

5 स्वास्थ्य सेवाको अभिलेखहरू भर्ने तरिका ... 14

5.1 OPD/NCD ... 15

5.2 बाल खोप सेवा ... 18

5.3 पोषण सेवा (वृद्दि अनुगमन र किशोरी पोषण) ... 20

5.4 बाल रोगको एकिकृत व्यवस्थापन (२ देखि ५९ महिना) ... 21

5.5 बाल रोगको एकिकृत व्यवस्थापन (२ महिना भन्दा कम) ... 27

5.6 गर्भवती जाँच ... 30

5.7 प्रशुती सम्बन्धी विवरण/प्रसूति स्याहार ... 35

5.8 नवजात शिशु स्याहार ... 38

5.9 प्रजनन् स्वास्थ्य रूग्णता ... 42

5.10 अस्थायी साधन(पिल्स, डिपो, इम्प्लान्ट, कपर टी-राख्ने झिक्ने) ... 44

5.11 सुरक्षित गर्भपतन सेवा ... 46

5.12 शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन (IMAM) ... 53

5.13 क्षयरोग ... 57

5.14 कुष्ठरोग ... 57

5.15 Malaria ... 60

5.16 कालाजार ... 62
5.17 स्थायी वन्ध्याकरण ... 64
5.18 खोप पश्चात हुने अवान्छनित घटना ... 65
6 थप कार्यक्रमहरू ... 66
6.1 Campaigns ... 66
6.2 Vaccine Logistics ... 68
6.3 गाउँघर क्लिनिक तथा खोप क्लिनिक ... 70
6.4 महिला स्वास्थ्य स्वयंसेविका ... 72
7 अन्य App हरू ... 73
7.1 HMIS Report App ... 73
7.2 Line listing App ... 74
7.3 Event Visualizer APP ... 74
7.4 Data  Visualizer ... 74

# 1 पृष्ठभूमी

## 1.1 परिचय

स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, एकिकृत स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन केन्द्रले आधारभूत स्वास्थ्य सेवाहरूको अभिलेख राख्ने प्रणालीको प्रयोग गर्नका लागि प्रयोगकर्तालाई सहजिकरणका लागि यो मार्गदर्शन तयार पारेको हो। आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा विभिन्न स्वास्थ्य सूचनाहरूको संकलन गरिन्छ जुन मूलभुत रूपमा सेवाग्राहीहरूलाई विभिन्न किसिमका गुणस्तरिय स्वास्थ्य सेवाहरू प्रदान गर्नका लागि उपयुक्त निर्णय लिन, सेवाको अभिलेख राख्न र भविष्यमा आवश्कता अनुसार सेवाग्राहीलाई सेवा निरन्तरताको अनुगमन गर्न लागि प्रयोग गरिन्छ। यसका साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवा प्रदान गर्ने सवै स्वास्थ्य संस्थाहरूलाई नियमित रूपमा मासिक प्रतिवेदन मार्फत तोकिएको प्रणाली (DHIS2 System) मा सेवा प्रवाह सम्वन्धी विवरणहरू विभिन्न किसिमका फारमहरूको ढाँचामा (विशेष गरी HMIS 9.3, 9.4) प्रतिवेदन गर्ने प्रणाली स्थापित गरेको छ। ती प्रतिवेदनहरू सेवा अभिलेख गरिएका सूचना तथा विवरणहरूका आधारमा तयार गर्ने गरिन्छ। त्यसैले यो अभिलेख राख्ने प्रणालीले स्वास्थ्य सेवा थप सुदृढ, गुणस्तरिय र व्यवस्थित गर्नुका साथै मासिक प्रतिवेदन प्रणालीमा समेत एकरूपता ल्याई गुणस्तरिय तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गर्न थप सहजिरकण गर्ने छ।

## 1.2 **DHIS2** प्रणाली के हो ?

DHIS2 को पुरा रूप District Health Information System 2 हो। District Health Information System (DHIS) को सुरूवात सन् १९९४ मा University of Western Cape (दक्षिण अफ्रिका) र University of Oslo (नर्वे) ले संयुक्त रूपमा दक्षिण अफ्रिकामा स्वास्थ्य सुचना प्रणाली स्थापना गर्नका लागि विकास गरिएका थिए जुन इन्टरनेट पहुँच कम भएका स्थानहरूलाई लक्षित गरी विकास गरिएको थियो। यसलाई संयुक्त रूपमा विकास र प्रदर्धन गर्न ती विश्वविद्यालयहरूमा Health Information System Programme (HISP) केन्द्रको स्थापना गरिएको थियो।

सन् २००४ देखि University of Olso ले उक्त कार्यक्रमलाई व्यापक परिमार्जन गरि पुर्ण रूपमा इन्टरनेटमा आधारित प्रणालीका रूपमा विकास गरि DHIS2 नामाकरण गरेको थियो र यो प्रणाली प्रयोग गर्न चाहनेहरूलाई प्रयोग गर्न सहज बनाउनका लागि यसको सवै Code हरू खुल्ला गरियो। त्यसैले यसलाई खुल्ला सफ्टवेर (Open Source Software) भनिन्छ। खुल्ला Software हरू प्रयोग गर्न चाहने देश वा संघ संस्थाले आफ्नो Server लगाएत अन्य साधन श्रोतको व्यवस्था गरी ती Software हरू निशुल्क रूपमा Install गर्न सक्छन् र आफ्नो आवश्यकता अनुसार परिमार्जन गरि प्रयोग गर्न सक्छन् र यसको सूचना वा तथ्याङ्क Software प्रयोग गर्ने संस्थाकै अधिनमा रहन्छ।

नेपाल सरकारले पनि सन् २०१६ मा एकिकृत स्वास्थ्य व्यवस्थापन प्रणालीलाई Digital बनाउनका लागि DHIS2 लाई नेपालको आवश्यकता अनुसार परिमार्जन गरि अवलम्वन गरेको थियो। यसको संचालन र व्यवस्थापन समेत स्वास्थ्य व्यवस्थापन सूचना केन्द्र मार्फत हुने गर्दछ र त्यसमा भण्डार हुने सूचनाको पहुँच केन्द्र र केन्द्रले अधिकार दिएका संस्था वा व्यक्तिसंग मात्र रहने गर्दछ र यसमा University of Oslo को कुनै पनि नियन्त्रण वा पहूँच हुँदैन। हाल ६० भन्दा वढि देशहरूमा स्वास्थ्य सूचना प्रणाली व्यवस्थित गर्नका लागि DHIS2 को प्रयोग भईरहेको छ।

सुरूवाती वर्षहरूमा एकिकृत सूचनाहरूको संकलन, प्रशोधन, विश्लेषण र प्रस्तुतीकरणका लागि DHIS2 को प्रयोग भएको भएता पनि विगत १ दशक भन्दा लामो समय देखि व्यक्तिगत सूचनाहरूको संकलन, प्रशोधन र विश्लेषण गर्नका लागि समेत DHIS2 को प्रयोग गर्न थालिएको छ। DHIS2 प्रणालिमा विभिन्न किसिमका App हरू कुनै पनि संस्थाले निशुल्क रूपमा डाउनलोड गर्न, आवश्यकता अनुसार परिमार्जन गर्न र प्रयोग गर्नका लागि राखिएको हुन्छ। जस्तै नेपाल सरकारले मासिक तथ्याङक प्रविष्टीका लागि Data Entry App मा परिमार्जन गरि प्रयोगमा ल्याई रहेको छ। त्यसै गरी प्रतिवेदनहरू हेर्नका लागि Data set report App, ग्राफ चार्ट लगाएतका प्रस्तुतीकरण चित्रहरू बनाउनका लागि Data visualization APP, Dashboard App लगाएतका App हरू परिमार्जन गरि प्रयोगमा ल्याईएको छ।

ती App हरू जस्तै DHIS2 ले सेवा प्रवाहका क्रममा अभिलेख राख्ने प्रयोजनका लागि Tracker, Tracker Capture वा Capture App निशुल्क उपलव्ध गराएको हुन्छ। ती App हरू सेवा प्रदायकले निशुल्क रूपमा Download गरी आवश्यकता अनुसार परिमार्जन गरी प्रयोग गर्न सकिन्छ। एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन केन्द्रले पनि Capture App लाई नेपालको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दा लिईने विवरणहरू अभिलेख गर्न मिल्ने गरि र सेवा प्रदानका क्रममा अवलम्वन गरिने कार्य प्रणाली लाई दृष्टिगत गरी आवश्यकता अनुसार Capture App लाई परिमार्जन गरी यो आधारभूत स्वास्थ्य सेवाको अभिलेख राख्ने प्रणालीको रूपमा विकास गरेको छ।

## 1.3 Capture App के हो ?

कार्यगत रूपमा आधारभूत स्वास्थ्य सेवामा विशेष गरी २ किशिमका सेवाहरू छन्, पहिलो निरन्तरता आवश्यक हुने सेवाहरू जस्तै खोप सेवा, गर्भवती जाँच सेवा, पोषण सेवा, परिवार नियोजन सेवा, क्षयरोगको उपचार आदी जसमा सेवाग्राहीहरू स्वास्थ्य सेवा लिनका लागि एक भन्दा वढि पटक स्वास्थ्य संस्था सम्म आउनु पर्ने हुन्छ भने केही सेवाहरू एक पटकमा पुरा हुने सेवाहरू हून्छन् र अलोअप सेवा आवश्यक नहुन पनि सक्छ। Capture App विशेष गरि निरन्तर रूपमा आवश्यक हुने सेवाका लागि विकास गरिएको हो तर एक पटक मात्र चाहिने सेवा पनि यसमा अभिलेख राख्न सकिन्छ। यसमा सेवाग्राहीलाई दर्ता गर्ने, आवश्यकता अनुसारको सेवाहरू अभिलेख राख्ने, अफलोप सेवाका लागि Scheduling गर्ने, समयमा सेवा लिन नआउने सेवाग्राहीको विवरण हेर्ने, रेफर गर्ने, Transfer गर्ने लगाएतका विभिन्न सुविधाहरू उपलव्ध हुन्छन्।

## 1.4 शव्दावली र तिनको अर्थ

Enrollment : कुनै पनि सेवाग्राहीलाई आधारभूत स्वास्थ्य सेवामा जीवनकालमा एक पटक मात्र दर्ता गरिन्छ जसलाई Enrollment भनिन्छ। हाल प्रयोगमा रहेको रजिष्टरमा आर्थिक वर्षमा एक मूल दर्ता गरी दर्ता नं. नम्वर प्रदान गरिने गरेको भएता पनि यो प्रणालीमा कुनै पनि सेवाग्राहीलाई जीवन कालमा एक पटक मात्र स्वास्थ्य सेवा प्रणालीमा दर्ता गरिन्छ जसलाई Enrollment भनिन्छ।

Program: सेवाको प्रकृती अनुसार स्वास्थ्य सेवालाई DHIS2 मा program भनिन्छ। यस प्रणालीमा आधारभूत स्वास्थ्य सेवा अन्तरगत जुन जुन सेवाहरू दिईन्छ सवै सेवालाई एउटै Program मा राखिएको छ र यसको नाम Basic health service दिइएको छ। यस प्रणालीमा अन्य सूचना व्यवस्थापनका लागि महिला स्वास्थ्य स्वयंसेविका, खोप तथा गाउँघर क्लिनिक, अभियानहरू जस्ता Program बनाईएको छ जसमा सेवाग्राही तहको वाहेक अन्य सूचनाहरू जस्तै स्वयंसेविकाले दिने प्रतिवेदन, गाउँघर क्लिनिक र खोप क्लिनिकको लक्ष्य, चले नचलेको विवरण आदि जस्ता सूचनाहरूको अभिलेख राख्नका लागि प्रयोग गरिन्छ।

Enrollment Variables : पहिलो पटक सेवाग्राहीलाई स्वास्थ्य सेवाका लागि दर्ता गर्दा अभिलेख राखिने विवरणहरू, जुन प्राय परिवर्तन नहुने खालका हुन्छन्, लाई Enrollment Variables भनिन्छ, जस्तै नाम, थर, लिंग, जन्म मिति, ठेगाना, सम्पर्क नं. आदी। यी विवरणहरू जति पटक सेवा लिन आए पनि उस्तै हुन्छन् तर सेवाग्राहीका ती विवरण परिवर्तन भएमा पुन Enrollment नगरी पुरानै अभिलेखमा सच्याउनु पर्ने हुन्छ।

Tracked Entity : Capture App मा कुनै व्यक्ति वा वस्तुलाई निरन्तर सेवा प्रदान गर्नका लागि कार्यक्रम बनाईन्छ भने त्यसको व्यक्ति वा वस्तुलाई Tracked Entity भनिन्छ। जस्तै Basic Health Service कार्यक्रमका लागि सेवाग्राही Tracked Entity हो भने गाउँघर तथा खोप क्लिनिक कार्यक्रमका लागि खोप तथा गाउँघर क्लिनिकका केन्द्रहरू Tracked Entity हुन्। त्यसै गरि महिला स्वास्थ्य स्वयंसेविका Program का लागि FCHV हरू Tracked Entity हुन्। सेवाका लागि दर्ता गरिएका Tracked Entity लाई Tracked Entity Instance भनिन्छ।

Tracked Entity Attributes : Tracked Entity पहिलो पटक दर्ता गर्ने क्रममा (Enrollment को क्रममा) लिइने विवरणहरू जस्तै नाम, थर, लिंग, जन्म मिति, ठेगाना आदि लाई Tracked Entity Attributes भनिन्छ।

Program Stage : स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा प्राय एकै प्रकृतीका सेवाहरूलाई व्यवस्थित गर्न Program भित्र Program Stage हरू बनाईएको हुन्छ। जस्तै खोप सेवा, वृद्दि अनुगमन तथा पोषण सेवा, गर्भवती जाँच, प्रसुती सेवा आदी। Basic Health Service Program भित्र सेवाको प्रकृती अनुसार विभिन्न किसिमका Program Stage हरू देख्न सकिन्छ।

Organizational Unit: सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी रहेको संस्थालाई Organizational Unit भनिन्छ। सेवाग्राहीको व्यक्तिगत विवरणहरू अत्यन्तै सम्वेदनशिल हुने र गोपनियता कायम राख्नु पर्ने भएको हुनाले सेवाग्राहीले कुनै एक Organizational Unit मा दिएको विवरण अन्य Organization Unit मा सेवाग्राहीको अनुमति विना Share गर्न पाईदैन। त्यसैले एक Organizational Unit भित्रका प्रयोगकर्ताहरूले सेवाग्राहीको विवरण हेर्न वा सच्याउन पाउने हुन्छ तर सो वाहेक अन्य संस्थाका स्वास्थ्यकर्मीहरूले सो विवरण हेर्न पाउँदैनन्।

Event: कुनै पनि सेवाग्राहीले एक दिन वा पटकमा लिने सेवालाई Event भनिन्छ। जस्तै बाल खोप Program Stage मा BCG लिन कुनै शिशुलाई ल्याइएको छ भने त्यो एक Envet मानिन्छ। त्यसै गरि गर्भवती जाँच, प्रसुती सेवा जस्ता Events हरू हुन जहाँ सेवाग्राहीले एक पटकमा एक सेवा लिन्छ। Program Stage मा यदि सोही सेवाको लागि सेवाग्राही पटक पटक आउन सक्छ भने त्यसलाई Repeated Event मा राखिन्छ भने एक पटक मात्र दिईने सेवालाई Single Event भनिन्छ। जस्तै खोप सेवा लिन सेवाग्राही पटक पटक आउने हुँदा बाल खोप Program Stage मा Repeated Events हुन्छ भने क्षयरोगको सुरूको निदान एक पटक मात्र गरिने हुँदा त्यो Single event हुन सक्छ।

## 2 App भागहरू

क) Top bar




App खोले पछि Top को रंगिन रिवन भाग भन्दा ठिक तल Computer को Screen को माथिल्लो भागमा चित्रमा देखिए जस्तो देखिने भागलाई Top bar वा Context Selector पनि भनिन्छ। यस भागमा कार्यक्रम (Program), स्वास्थ्य संस्था (Organization unit), Tracked Entity को नाम (सेवाग्राहीको नाम), Enrollment मिति, Program Stage, Create new Tracked Entity (स्वास्थ्य सेवाग्राही), Search र Clear Selections भन्ने Tab हरू रहेको हुन्छ र सेवा प्रदायकले त्यहाँ वाट विवरणहरू परिवर्तन गर्न सक्छन्।

ख) Enrollment Dashboard




Program र Organization Unit छनोट गरे पछि आउने चित्रमा देखिए जस्तो भागलाई Enrollment Dashboard भनिन्छ। यसमा विभिन्न खण्डहरू रहेका हुन्छन्। सवै भन्दा माथि Quick Action Button देख्न सकिन्छ जस अन्तरगत New Event र Schedule an event रहेका छन्। छनोट गरिएको सेवाग्राहीलाई यसै खण्डको New Event मा गई सेवाको प्रकार छनोट गरि सेवा विवरण भर्न सकिन्छ भने Schedule an event वाट फलोअप सेवा वा अर्को पटकको सेवा कहिले लिन वोलाउने हो सो विवरण यसै खण्डवाट पनि भर्न सकिन्छ।

Quick Action भन्दा तल Stages and events खण्ड रहेको हुन्छ जसमा सेवाग्राहीले आज भन्दा पहिले लिएका सेवाहरू Stage अनुसार रहेको देख्न सकिन्छ। ध्यान दिन पर्ने कुरा के हो भने यस खण्डमा एक पटक वा दिनको सेवाको एक लाईन रहेको हुन्छ। जस्तै माथिको चित्रमा मुल दर्ता भन्ने सेवामा सेवाग्राही ३ पटक सेवा लिन आएको देखिन्छ। ती लाइनको कुनै पनि स्थानमा क्लिक गरेर त्यस दिनको सेवाहरूको विवरण हेर्न सकिन्छ। यसरी सेवाग्राहीले पहिले कुन Program Stage मा कति पटक सेवा लिएको छ यसै खण्डमा देखिने गर्दछ। ती सवै सेवाहरू (Events) लाई Top मा देखिएको प्रत्येक विवरणको पछि देखिने तल र माथि को संकेत मा क्लिक गरि Sort गर्न सकिन्छ। त्यस्तै एकै Stage मा ५ भन्दा वढि Event हरू भएमा Shore more मा क्लिक गरि हेर्न सकिन्छ।

ग) Widgets

Computer को दायाँ पट्टी रहेका खण्डहरूलाई Widgets हरू भनिन्छ जसमा विभिन्न किसिमका Widgets हरू रहेका हुन्छन्।

१) Indicators Widgets

सेवाग्राहीको अन्तिम पटकको सेवा वा हालको सेवा सम्वन्धि महत्वपूर्ण विवरणहरू Indicators Widgets मा राखिएको हुन्छ, जस्तै सेवाग्राहीको हालको उमेर, सेवा दर्ता नं. आदि

२) सेवाग्राही (Tracked Entity Profile)

यस खण्डमा Tracked Entity Attributes हरू उल्लेख गरिएको हुन्छ र यसै खण्डको Edit गई सेवाग्राहीको विवरण अध्यावधिक गर्न वा तीनवटा डट भित्र गई हाल सम्म कुन कुन User ले के के गरिवर्तन गरेको छ हेर्न सकिन्छ।

३) Enrollment Widget

यस खण्डमा सेवाग्राही कहिले दर्ता भएको हो, कुन संस्थामा दर्ता भएको हो र हाल कुन संस्थामा रहेको छ भन्ने विवरण राखिएको हुन्छ। यसै खण्डमा Enrollment Action भित्र Complete, Mark for follow up र Transfer Option हरू पनि रहेका हुन्छन्।

४) Note about this enrollment

Enrollment को क्रममा वा पछि पनि Enrollment संग सम्वन्धित केहि विवरण सेवा प्रदायकले लेख्न वा टिपोट गर्न चाहेमा Enrollment Note लेख्न सकिन्छ। जस्तै कुनै सेवाग्राहीको अपागता सम्वन्धी विवरण वा अन्य कुनै विवरण।

५) सेवाग्राही Relationships

यस खण्डवाट सेवाग्राहीको विचमा Relationship लिंक गर्न सकिन्छ। जस्तै आमा र वच्चा, Index case and Secondary case, दाजु भाइ दिदि वहिनी, एकै परिवारका सदस्य आदि उपलव्ध भए अनुसार।

घ) Working list




माथिको चित्रमा देखाए जस्तै कार्यक्रम छनोट गरेको तर सेवाग्राही छनोट नगरेको अवस्थामा screen मा देखिने सेवाग्राहीको List लाई Working List भनिन्छ। स्वास्थ्य सेवा प्रदायकहरूको लागि यो List एक दमै महत्वपूर्ण हुन्छ। यसमा माथिल्लो वारमा Enrollment Status, Enrollment मिति (स्वास्थ्य प्रणालिमा दर्ता मिति), Assigned to र More filters option हरू देखिएको छ भने कुना पट्टी दायाँ भागमा Setting जस्तै Option र तिन वटा डट हरू दिईएको छ। हामीले Enrollment Status वाट वा दर्ता मिति वाट र Assigned to me वाट यहाँ सेवाग्राही Filter गर्न सकिन्छ भने अन्य विवरण वाट Filter गर्नु परेमा More filter मा रहेको विवरणमा Click गरी Filter गर्न सकिन्छ। यो List मा के के कुरा देखाउने, के नदेखाउने भन्ने कुरा Setting वटनमा क्लिक गरेर छनोट गर्न वा हटाउन सकिन्छ भने Dynamic Working list बनाई Save गर्न सकिन्छ जुन माथिको चित्रमा जस्तै आजका विरामी वा पिल्सका सेवाग्राही वा वि.सि.जि. लगाएका वच्चा वा यस्तै List वनाई Save गर्न सकिन्छ र आवश्यकता अनुसार परिमार्जन पनि गर्न सकिन्छ।

More Filter भित्र अन्तमा Program Stage Option वाट Program Stage अनुसार Selection गरि सेवाग्राहीहरूको लिष्ट निकाल्न सकिन्छ । जस्तै उच्च रक्तचाप भएका विरामीको List चाहिएमा Program Stage वाट OPD/NCD सेवा र ICD वाट Hypertension भएका विरामी Filter गरी List निकाल्न सकिन्छ र उक्त List लाई तीन वटा डटमा क्लिक गरि Save गर्न र पछि सजिलो गरी हेर्न सकिन्छ ।

# 3 Actions

क) Complete: यस कार्यक्रममा दूई किसिमको Complete Action हुन्छ । Enrollment Complete र Event Complete. Event Complete option नयाँ Event Create गरे पछी वायाँ पट्टी आएको हुन्छ भने पुरानो Event लाई Edit गर्दा अन्तिम Option को रूपमा ठिक लगाउने गरी Complete Event Option आउँछ । Event Complete भन्नाले सेवाग्राहीको आज वा यो पटक दिनु पर्ने सेवा पुरा भएको भन्ने वुझिन्छ ।

Enrollment Complete भन्नाले अव यो सेवा मा सेवाग्राही नआउने भन्न वुझिन्छ । Basic health service मा सेवाग्राही जीवित रहे सम्म कुनै न कुनै सेवा लिन आउन सक्ने हुनाले हामी सेवाग्राही जिवित रहे सम्म Enrollment Complete गरिंदैन । तर स्वयंसेविका कार्यक्रममा स्वयंसेविका सेवावाट अवकास लिए पछि Enrollent Complete गर्न सकिन्छ । Enrollment Complete गर्न Enrollment Widget मा Enrollment Action भित्र Complete Option मा क्लिक गर्नु पर्दछ ।

ख) Active

यदि कुनै सेवाग्राहीको यो पटक वा यो दिनको सेवा पुरा भएको छैन भने त्यस्तो अवस्थालाई Incomplete वा Active event भनिन्छ । जस्तै सुत्करी सेवाको लागि भर्ना भएको सेवाग्राहीको केही कुरा अहिले भरेर वाँकि कुरा पछि भर्नका लागि New event Create गर्ने र केही कुरा भरेर Save without complete गर्ने । पछि डिस्चाको समयमा फेरी Edit Event मा गई पुन वाँकि विवरण भरेर Complete गर्न सकिन्छ । Active वा Incomplete भन्नाले यो दिन वा पटकको सेवा भर्न वा दिन वाँकि भन्ने वुझिन्छ । Event जुन अवस्थामा भए पनि प्रतिवेदन निकाल्दा उक्त सेवाग्राही गणना गर्ने गरिन्छ ।

ग) Schedule Event

फलो अपमा वोलाउनु पर्ने वा निश्चित समयको अन्तर वा उमेरमा सेवा लिन आउनु पर्ने भएमा अर्को भेटको लागि Schedule Event गरिन्छ । Schedule Event गर्दा कुन मितिमा कुन सेवाको लागि हो छनोट गर्नु पर्दछ । Schedule event गर्नका लागि Quick Action वाट पनि Stage छनोट गरि जान सकिन्छ भने Stage भित्र गई Event को दायाँ पट्टी Tab वाट Event Schedule गर्दा Stage छनोट गर्नु पर्दैन, मिति मात्र छनोट गरे पुग्छ ।

Schedule गरेको Event मा Scheduled, Overdue र Skipped गरी ३ किसिमको अवस्था हुन सक्छ तर यदि Schedule गरेको भेट वा Event पुरा भएमा Complete गरिन्छ । Scheduled भन्नाले आगमी दिनका लागि तय गरिएका भेटहरू भन्ने वुझिन्छ भने Overdue भन्नाले भेट तय वा योजना गरिएको तर सेवाग्राही आज सम्म सेवा लिन नआएको भन्ने वुझिन्छ । त्यसै गरि Skipped भन्नाले तय गरेको भेटमा सेवाग्राही नआएको र अव सेवाग्राही सेवाका लागि नआउने भन्ने वुझिन्छ । Overdue envent मा सेवाग्राही ढिला भए पनि सेवा लिन आउन सक्छ तर Skipped मा आउँदैन । यी सवै प्रकारका सेवाग्राहीको List निकाल्न Working List को More filter मा गएर, Program Stage छनोट गरे पछि Event Status मा Filter गरी निकाल्न सकिन्छ ।

घ) Assign Event:

कुनै एक स्वास्थ्य संस्था भित्र रहेका स्वास्थ्यकर्मीहरूले एक अर्कामा सेवाग्राहीहरू पठाउन Assign Event को प्रयोग गरिन्छ । जस्तै मुल दर्ता गरि सके पछि सेवाग्राही कुन स्वास्थ्यकर्मी कहाँ जाने हो सो, निज स्वास्थ्यकर्मीको User name

वाट खोजी सेवाग्राही पठाउन सकिन्छ। त्यसै गरी स्वास्थ्यकर्मीले आफूलाई तोकिएका सेवाग्राहीहरूको विवरण Working list मा Assigned to भित्र me मा क्लिक गरि List निकाल्न सक्छन्।

ङ) Search

प्राणलीमा Log in गरी Application खोल्ने वित्तिकै Top Bar मा Search option देख्न सकिन्छ। पहिले सेवा लिएका सेवाग्राहीहरूको खोजी गर्नका लागि Search प्रयोग गरिन्छ। Search मा Click गर्दा २ वटा Option हरू देखिन्छ। Search for सेवाग्राही in a program र Search मात्र। पहिलो Option ले Basic health Service program भित्र मात्र Search गर्न प्रयोग गरिन्छ भने, Application मा रहेका सवै कार्यक्रममा खोजी गर्न Search मात्र लेखेको Option मा क्लिक गरी खर्च गर्न सकिन्छ। हामीले सेवाग्राहीलाई Basic Health Service कार्यक्रममा दर्ता गर्ने भएकोले हामीले Search for a सेवाग्राही in Basic Health Service मा क्लिक गरी खोजी गर्न सकिन्छ।

खोजी गर्दा सवै भन्दा पहिले कुनै Unique नं. वाट खोजी गर्नका लागि Field top मा देखिन्छ, तर प्राय सेवाग्राहीहरू खोजी गर्दा सेवाग्राहीको अन्य विवरण जस्तै नाम थर, फोन नं. आदि वाट गरिने हुँदा उक्त विवरणहरू प्रयोग गरी खोजी गर्न Search by Attributes मा क्लिक गरी जुन विवरणको आधारमा Search गर्ने हो सोही विवरण फिल्डमा विवरण राखि खोजी गर्न सकिन्छ। विवरण राख्न पुरा विवरण नराखि खोज्दा सेवाग्राही खोज्न सजिलो हुन सक्छ। जस्तै Ranjita Gharti Magar सेवाग्राहीको नाम छ भने नाम फिल्डमा Ranjita पुरा नलेखी Jita मात्र वा Ran मा लेखि खोजी गर्दा भेट्न सजिलो हुन सक्छ किनकी पहिल नाम लेख्दा Rangeeta वा Ranjita वा Rangita वा Rangeeta आदि लेखिएको हुन सक्छ। त्यसैले पहिले जसरी लेखिएको भएता पनि समेटिने किसिमले Search word राख्दा खोजी सजिलो हुन्छ। तर Ranjita लाई खोजी गर्दा Ra मात्र लेखेर खोजी गरियो भने Ram, Rita, Rima, Rahul आदै सवै नामहरू आउने हुँदा सही word छनोट गर्नु महत्वपूर्ण हुन्छ।

खोजी गरीसके पछि खोज अनुसार मिल्न गएका स्वास्थ्य संस्थामा Enroll भएका सेवाग्राहीहरूको नामावली चित्रमा दिए अनुसार प्राप्त हुन्छ। यदि खोजेको सेवाग्राही भेटिएमा उक्त सेवाग्राही लाई View dashboard मा क्लिक गरि सेवा निरन्तर गर्न सकिन्छ। हाम्रो एक मात्र Basic Health Service कार्यक्रम भएको हुँदा View active enrollment गरेर पनि सेवा निरन्तर गर्न सकिन्छ। यस खोजी गर्दा सेवाग्राही नभेटिएमा Search results को अन्त्यमा रहेको Create new मा क्लिक गरी नयाँ सेवाग्राही दर्ता गर्न सकिन्छ जुन Top Bar मा रहेको Create new सेवाग्राहीवाट पनि गर्न सकिन्छ। त्यसै गरी पहिले सेवा लिएको निश्चित भएमा Search Criteria परिवर्तन गरी पुन Search गर्न सकिन्छ।



# 4 मुल दर्ता भर्ने तरिका

डिजिटल प्रणालीमा सेवाग्राहीलाई जीवनकालमा एक पटक मात्र प्रणालीमा दर्ता गर्न सकिन्छ। यदि सेवाग्राहीको विवरण पछि परिवर्तन भएमा सेवाग्राही Profile Widget मा गई परिवर्तन गर्न सकिन्छ। जस्तै BCG खोपको लागि शिशु दर्ता गर्दा नाम नराखिएको हुन सक्छ वा Baby of parents गरी दर्ता गरेको हुन सक्छ। तर उक्त शिशुको नाम राखिसकेपछि पुन Enrollment नगरी पहिलेकै Enrollment मा नाम सच्याउनु पर्दछ। यस प्रणालीमा नयाँ सेवाग्राही भन्नाले जीवनकालमा कहिले पनि सेवा नलिएको वा प्रणालीमा दर्ता नभएको सेवाग्राही भन्ने वुझ्नु पर्दछ। पुरानो सेवाग्राही भन्नाले पहिले कुनै समयमा दर्ता भएको सेवाग्राही भन्ने वुझ्नु पर्दछ। मुल दर्ता फारम भर्दा सेवाग्राही चालु आ.व. को श्रावण पछि सेवा लिएको भए मुल दर्ता प्रकारमा पुरानो र चालु आ.व. मा पहिले सेवा नलिएको भए नयाँमा क्लिक गर्नु पर्दछ। मुल दर्ताका लागि तल चित्रमा दिए जसरी नयाँ र पुराना सेवाग्राहीहरू लाई मुल दर्ता गर्नु पर्दछ।




**मुल दर्ता फारम भर्ने तरिका**

मुल दर्ता विवरण नयाँ सेवाग्राहीको लागि Enrollment Save गर्दा आफु खुल्छ भने पुराना सेवाग्राहीको लागि मुल दर्ता Stage को ठिक तल Create new वाट वा Quick action वाट मुल दर्ता Click गरी नयाँ मुल दर्ता विवरण खोल्न सकिन्छ। विवरण खोल्दा तल चित्रमा दिए जस्तैमात्र फारम खुल्छ जसमा सेवाहरूको विवरण देखिँदैन। हामीले मुल दर्ता मितिमा मिति छनोट गरे पछि मात्र कुन कुन सेवाहरू उक्त सेवाग्राहीका लागि उपयुक्त हुन्छ सो सेवाहरू छनोटको लागि देखिन्छ। यस प्रणालीमा निम्न अनुसार सेवाहरू देखिने गरि बनाईएको छ। ध्यान दिनु पर्ने कुरा मासिक प्रतिवेदनमा सेवाग्राहीको उमेर अनुसार संख्या निकाल्दा यसै मूल दर्ताको आधारमा निकालिने भएकोले पुराना सेवाग्राहीलाई जुनसुकै सेवा दिंदा पनि पहिले मूलदर्ता गरेर मात्र दिनु पर्दछ अन्यथा सेवाग्राहीको संख्या फरक पर्न सक्छ।



| समूह | देखिने सेवाहरू | नदेखिने सेवाहरू |
|---|---|---|
| ५ वर्ष वा कम | खोप, पोषण, IMNCI, IMAM, TB, Malaria, Leprosy, Kala-azar, Death, AEFI, Laboratory | प.नि., ANC, Delivery, PNC, Neonatal care, OPD/NCD, Safe abortion, Emergency contraception, RH morbidity |
| ५ वर्ष माथिका पुरूष | OPD, स्थायी परिवार नियोजन, TB, Malaria, Leprosy, Kala-azar, Death, Laboratory | ANC, Delivery, Neonatal care, PNC, IMNCI, Nutrition, Immunization, IMAM, Safe abortion, RH morbidity, AEFI |
| ५ देखि १३ वर्ष महिला | OPD, खोप, पोषण, AEFI, TB, Leprosy, Malaria, Kala-azar, Laboratory, Death | IMAM, RH morbidity, IMNCI, ANC, Delivery. PNC, Neonatal Care, Family planning |
| १४ देखि १८ महिला | OPD, खोप, पोषण, AEFI, ANC, Delivery, PNC, Neonatal care, Safe abortion, family planning, TB, Leprosy, Malaria, Kala-azar, Death, Laboratory | IMNCI, IMAM, RH morbidity, |
| १९ देखि ४९ महिला | OPD, ANC, Delivery, PNC, Neonatal care, Safe abortion, family planning, TB, Leprosy, Malaria, Kala-azar, Death, Laboratory, RH Morbidity | Nutrition, Immunization, AEFI, IMAM |
| ५० माथि महिला | OPD, RH Morbidity, TB, Leprosy, Malaria, Kala-azar, Death, Laboratory | Immunization, Nutrition, AEFI, IMAM, IMNCI, ANC, Delivery, PNC, Neonatal care, family planning, emergency contraception, Safe abortion |

तर, यदि सेवाग्राहीलाई पहिले हालको उमेर अनुसार उपयुक्त नदेखिने सेवाहरू दिईएको विवरण सम्वन्धित Stage मा देखिन्छ। जस्तै ७ वर्षको पुरूषलाई मूल दर्ता फारम भर्दा खोप सेवा देखिँदैन तर उक्त व्यक्तिले २ वर्षको हुँदा खोप सेवा लिएको विवरण Stage भित्र देखिन्छ। मूल दर्ता नगरी सेवा दिएको अवस्थामा चित्रमा देखाए जस्तै Validation Warning आउन सक्छ, जुन समयमा Save anyway गरि दिईएको सेवा Save गर्ने र मुल दर्ता विवरण भर्नु पर्दछ।




मूल दर्ता विवरणमा उपलव्ध गराउने सेवाहरूमा ठिक चिन्ह लगाए पश्चात यदि थप विवरण केही भए Write Note गई Note लेख्न सकिन्छ। यदि स्वास्थ्य संस्थामा दर्ता गर्ने एक स्थान र सेवा दिने अर्को स्थान वा व्यक्ति भए मुल दर्ता गर्ने व्यक्तिले Assignee खण्डमा Assigned user मा आफ्नो स्वास्थ्य संस्थाको कुन व्यक्तिलाई सेवाग्राही पठाउने हो उसको User Name वाट खोजी गरी पठाउन सकिन्छ। यसरी विवरण भरिसके पछि Complete Option मा Click गर्ने र मूल दर्ता प्रकृया पुरा हुन्छ।



आफूलाई तोकिएका (Assign गरीएका) सेवाग्राही खोज्ने तरिका

रेर्कडिङ App खोले पछि प्राय तलको Window देखिन्छ । तर Program छनोट नभएको हुन सक्छ । program र Organization unit छनोट गरि सके पछि स्वास्थ्य संस्थामा हाल सम्मका सेवाग्राहीहरूको List निकाल्न या त दायाँ पट्टि भएको Create Saved list मा क्लिक गर्नु पर्दछ ।




Program छनोट गरे पछि See all records accessible to you in Basic Health Services भन्ने Option मा क्लिक गरेर




सेवाग्राहरूहरू List निकाल्न सकिन्छ , जुन तल दिएको चित्रमा देखिए अनुसारको लिस्ट देखिन्छ जसलाई Working list भनिन्छ ।




| दर्ता नं | नाम | थर | जन्म मिती | लिङ्ग | ठेगाना | सम्पर्क नं/मोबाईल नं | दर्ता हुँदाको उमेर (वर्षमा) |
|---|---|---|---|---|---|---|---|
| 26010700004 | Simran | Sitaula | 2010-01-07 | महिला ( F ) | Taplejung, Mikwakhola Rural Municipality | | 16 |
| 26010700003 | Radha | Thapa | 2017-01-07 | महिला ( F ) | Taplejung, Mikwakhola Rural Municipality | | 9 |

यो List को माथि Assigned to मा क्लिक गरी Me मा क्लिक गर्दा आफूलाई तोकिएका सेवाग्राहीहरूको List आउँछ । र Assigned to : Me भन्ने Option Highlight हुन्छ । यो कार्य संधै गर्नु भन्दा आफूलाई आज तोकिएका विरामीको List Save गरेर




| दर्ता नं | नाम | थर | जन्म मिती | लिङ्ग | ठेगाना | सम्पर्क नं/मोबाईल नं | दर्ता हुँदाको उमेर (वर्षमा) |
|---|---|---|---|---|---|---|---|
| 26010700002 | Saru | Sharma | 2024-01-07 | महिला ( F ) | Taplejung, Phaktanlung Rural Municipality | | 2 |

राख्दा संधैलाई सजिलो हुन्छ । त्यसको लागि More filters मा गई Program Stage मा जानुहोस । त्यस पछि Stage filters खण्डमा Program Stage मा मुल दर्ता छनोट गर्नुहोस र Update क्लिक गर्नुहोस । अब Stage Filter कै खण्डमा Assigned to भन्ने Field देखिन्छ, त्यहाँ क्लिक गरी Me मा छनोट गर्नुहोस र Update गर्नुहोस । Stage Filter खण्डमै मुल दर्ता मिति मा क्लिक गरी Today मा क्लिक गर्नुहोस र Update गर्नुहोस । अब तपाइको Window निम्नानुसारको देखिने छ । यहाँ तपाईलाई तोकिएका विरामीहरूको List देखिन्छ । तर वारम्वार यहि प्रकृया गर्न भन्दा यो Window लाई Save गरी एकै क्लिकमा आज मलाई तोकिएका विरामीको List



निकाल्न सकिन्छ। त्यसको लागि दायाँ पट्टी तिन वटा डटमा क्लिक गर्नुहोस र Save Current View मा क्लिक गर्नुहोस। त्यस पछि त्यहाँ चाहे अनुसारको नाम दिनुहोस। उदाहरणका लागी यहाँ Me today नाम दिईको छ। त्यस पछि Save मा क्लिक गर्नुहोस




।अब तपाईको Working List को माथि Me today भन्ने Tab देखिन्छ। तपाईले त्यसमा क्लिक गरी संधै आफूलाई तोकिएका सेवाग्राहरूको List हेर्न सक्नुहुन्छ। यो List हरेक दिन सेवाग्राही तोकिए अनुसार आफै Update हुन्छ र App खोलेर Program छनोट गरेपछि Me today tab Screen को दायाँ पट्टी Save List in this program मा समेत देख्न र त्यही वाट List निकाल्न सकिन्छ।



## 5 स्वास्थ्य सेवाको अभिलेखहरू भर्ने तरिका

आधारभूत स्वास्थ्य सेवाका कार्यक्रमहरूलाई Program Stage भित्र राखिएको हुन्छ। मूल दर्ता गर्दानै कुन Stage को सेवा दिने हो छनो गरिन्छ। नयाँ सेवाग्राही हो भने मूल दर्तामा छनोट गरेको सेवाको Stage मात्र देखिन्छ। तर पुरानो सेवाग्राहीको हकमा पहिले सेवा लिएको अन्य Stage छ भने सो समेत देखिन्छ। यस कार्यक्रममा जम्मा २२ वटा Stage हरू राखिएको छ।

| Stage नाम | सेवा विवरण |
|---|---|
| मूल दर्ता | मुल दर्ता सेवा |
| वहिरंग सेवा (OPD/NCD) | OPD / NCD सेवा |
| बाल खोप सेवा | बाल खोप, HPV खोप |
| पोषण सेवा (वृद्दि अनुगमन र किशोरी पोषण) | वृद्दि अनुगमन, भिटामिन ए, जुकाको औषधि वितरण, किशोरी पोषण, बाल भिटा |
| बाल रोगको एकिकृत व्यवस्थापन (२ देखि ५९ महिना) | २ देखि ५९ महिना शिशुको बाल रोगको एकिकृत व्यवस्थापन |
| बाल रोगको एकिकृत व्यवस्थापन (२ महिना भन्दा कम) | २ महिना मुनीका शिशुको बाल रोगको एकिकृत व्यवस्थापन |
| गर्भवती जाँच | ANC visits |
| प्रसुती सम्वन्धि विवरण/प्रसुती स्याहार | महिलाको प्रसव अवस्थाको सेवा र जानकारी |
| नवशिशुको विवरण | सुत्केरी भए पश्चात जिवित वा मृत जन्मने शिशुको विवरण र स्याहार |
| सुत्केरी पछिको सेवा (PNC) | PNC जाँच सेवा, आमा र शिशु दुवैको |
| प्रजनन् स्वास्थ्य रूग्णता | प्रजनन् स्वास्थ्य रूग्णता सेवाहरू सवै |
| अस्थायी साधन(पिल्स, डिपो, इम्प्लान्ट, कपर टी-राख्ने झिक्ने) | पिल्स, डिपो सेवा दिने र ईम्प्लान्ट वा कपर टी राख्ने र झिक्ने सेवा |
| आकस्मिक गर्भनिरोध | आकस्मिक गर्भनिरोध सेवा |
| शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन | IMAM सेवपा |
| सुरक्षित गर्भपतन सेवा | MA र MVA दुवै सेवा |
| क्षयरोग | नियमित औषधि दिने मात्र( वाँकिको लागि ETB Register प्रयोग गर्ने) |
| कुष्ठरोग | दर्ता र उपचार |
| औलो | दर्ता र उपचार |
| कालाजार | औधारभूत स्वास्थ्य संस्थामा सेवा नहुँदा समावेश नगरिएको |
| प्रयोगशाला सेवा | केही सेवाहरू मात्र |
| स्थायी वन्ध्याकरण सेवा | शिविर भएको अवस्थामा मात्र अध्यावधिक गर्ने |
| AEFI Reporting | AEFI को दर्ताका लागि |

| | |
|---|---|
| HIV/STI Service | STI Case management र HIV testing र Counseling सेवाको लागि |

यसरी माथि उल्लेख गरिएका आधारभूत स्वास्थ्य सेवा जुन दिने हो सोहि Stage मा Create +New (Stage name) event मा क्लिक गरी उक्त सेवाको फर्म खोल्न सकिन्छ र सेवाको विवरण भर्न सकिन्छ।

Event Date : सवै सेवाहरूको विवरण भर्दा सवै भन्दा माथि औउने मिति लेख्ने फिल्डलाई Event Date भनिन्छ तर फर्ममा कार्यक्रम अनुसार यसको नाम फरक राखिएको हुन्छ। जस्तै OPD मा सेवा दिएको दिनको मिति, खोप सेवा मा खोप दिएको मिति आदी।

**पुरानो विवरण Entry सम्वन्धमा**

प्राय कार्यक्रम नयाँ लागु भएका स्वास्थ्य संस्थामा केही सेवाहरूको पुरानो विवरण Entry गर्न सकिन्छ। यो प्रणालीमा पुरानो मितिको विवरण Entry गर्दा नयाँ विवरण भरे जस्तै गरी भर्न सकिन्छ तर Event Date राख्दा उक्त सेवा दिएको मिति राखि Entry गर्नु पर्दछ। पुरानो आफ्नै संस्थामा सेवा दिएको विवरण अध्यावधिक गर्दा एक Event मा एक दिनको मात्र विवरण Entry गर्नु पर्दछ। जस्तै शिशुको पुरानो BCG लगाएको विवरण राख्दा New event Create गर्ने, खोप दिएको मिति मा पुरानो मिति राख्ने र वि.सि.जी. खोप लगाएको विवरण राख्ने र Complete गर्ने। त्यसै गरी DPT Hep B Hib को पहिलो मात्रा लेख्न फेरी नयाँ Event Create गर्ने, विवरण भर्ने र Complete गर्ने। यसै परी पुराना विवरणहरू एक एक गरी Entry गर्न सकिन्छ।

## 5.1 OPD/NCD

५ वर्ष माथिका विरामी व्यक्तिहरूको उपचार र व्यवस्थापनका लागि यो Stage भर्नु पर्दछ। यसमा HMIS का OPD र NCD सेवा दिंदा भरिने विवरणका अलावा थप विवरणहरू पनि समावेश गरिएको छ।

<table>
<tr><td>Event Date</td><td>सेवा दिएको मिति Calendar मा छनोट गर्नुहोस। यो Stage मा Event Date लाई सेवा दिएको दिनको मिति नाम दिईएको छ।</td></tr>
<tr><td>Sections</td><td></td></tr>
<tr><td>General Information</td><td>

यस खण्डमा उमेर वर्षमा आफै भरिन्छ। सेवा प्रदायकले यदि विरामी आजको समस्या लिएर पहिलो पटक आएको भए सेवा दर्ता प्रकारमा नयाँ र यदि पुरानै रोगको फलो अप सेवाको लागि आएको भए पुरानो छनोट गर्नुहोस। यदि सेवाग्राही NCD सेवामा हो भने NCD मा क्लिक गर्नुहोस र OPD हो भने OPD मा क्लिक गर्नुहोस। ध्यान दिनुहोस, यदि OPD छनोट गरी Diagnosis मा NCD मा भएका रोग ICD लेखेता पनि त्यो Case NCD Data Set मा रिपोर्ट हुँदैन तर NCD मा छनोट गरेर ICD मा रोग छनोट गरे पछि उक्त Case सम्वन्धित OPD Dataset मा पनि Reporting हुन्छ।</td></tr>
</table>

| | |
|---|---|
| | NCD छनोट गरे पछि NCD को प्रकारको फिल्ड खुल्छ।<br>विरामीको उचाई से.मि. मा लेख्नुहोस। उचाई र तोल दुवै Entry गरे पछि विरामीको BMI आफै देखिन्छ। |
| Vitals | <br>यस खण्डमा बिरामीको Vitals हरू लेख्नु पर्दछ। Systolic र Diastolic Blood pressure आ-आफ्नै Field मा अलग अलग लेख्नु पर्दछ। |
| Sign/Symptoms and Diagnosis | <br>यस खण्डमा सिकायतहरू Paragraph मा लेख्नु पर्दछ। जस्तै Fever since 3 days, वा Headache since 10 days on right side etc. ICD Code मा विरामीको मुख्य एक Diagnosis छनोट गर्नु पर्दछ जसको आधारमा नयाँ विरामी गणना गरी OPD Dataset रिपोर्ट गरिन्छ। सम्भाविन निदानहरूको विवरण सम्भावित निदानमा उल्लेख गर्नुहोस। |
| Investigations | यस खण्डमा ल्याव सेवाको पठाएको भए ल्याव सेवामा के के जाँचको लागि पठाएको हो उल्लेख गर्नुहोस। |
| | <br>यस खण्डमा विरामीलाई दिएको औषधिहरूको नाम, मात्रा, डोज आदिको अभिलेख राखिन्छ। औषधि (१) भरे पछि औषधि (२) आफै खुल्छ र दोश्रो औषधिको विवरण राख्न सकिन्छ। |

| | |
|---|---|
| | त्यसै गरी ३ वटा औषधि दिएको भए औषधि (२) भरेपछि औषधि (३) आफै खुल्छ र विवरण भर्न सकिन्छ । औषधिको नाम, पटक, जम्मा दिएको औषधि र अवधि सबै दिएका औषधिका लागि अलग अलग भर्नुपर्दछ ।<br>त्यसै गरी थप औषधि सम्वन्धि विवरणहरू भर्नु परेमा औषधि विवरण (Other) मा लेख्न सकिन्छ । त्यसै गरि विरामीलाई सर्जिकल प्रकृया जस्तै Dress, I&D, Suture आदि गरेको भए सर्जिकल प्रकृयामा उल्लेख गर्नुहोस । |
| NCD Counselig र NCD Follow up | <br>यो खण्ड माथि NCD सेवा प्रकार छनोट गरे मात्र देखिन्छ। HMIS कार्यक्रमको निर्देशिका अनुसार उल्लेख गरिएका खण्डहरू भर्नुहोस। |
| प्रेषण विवरण र Follow up | <br>यस खण्डमा प्रेष भई आएको भए पठाउने संस्थाको नाम र प्रेषण गरेर अन्यत्र पठाईएको भए पठाईएको संस्थाको नाम लेख्नुहोस। नपठाएको वा नआएको भए खाली छोड्नुहोस।<br>यदि विरामीलाई फलोअपमा बोलाएको भए कहिले आउने हो मिति छनोट गर्नुहोस र Complete Button थिच्नुहोस। |

| |
|---|
| **फलोअप सेवा सम्वन्धमा**<br>जनस्वास्थ्य सेवाहरूको सेवाहरूमा सेवाग्राहीहरूलाई फलोअपका लागि बोलाउनु पर्दछ। केही कार्यक्रममा अर्को पटक आउने मिति केहि निश्चित अन्तरालमा हुन्छ भने केही सेवामा स्वास्थ्यकर्मीले अर्को पटक कहिले वोलाउन, अवस्था अनुसार निर्धारण गरिन्छ। त्यसैले सेवा विवरण भर्दा अन्यमा प्राय अर्को पटक कहिले आउने भन्ने फिल्ड राखिएको हुन्छ। यो फिल्डमा आफै भरिएको मिति वा सेवा प्रदायकले सच्याएको मिति वा सेवा प्रदायकले राखेको मितिमा सेवा प्रदायकले Follow up Event Schedule गर्नु पर्दछ। त्यसका लागि २ तरिकाले गर्न सकिन्छ। पहिलो सवै कार्यक्रको कुन नयाँ Event Create गरे पछि माथिल्लो भागमा Report को दायाँ पट्टी Schedule भन्ने Tab रहेको हुन्छ, त्यहाँ गई मिति राख्नु पर्दछ। यदि सेवाको विवरण भर्दा अन्तमा रहेको फलोअप मिति भरेको भए सोही मिति यहाँ देखिएको हुन्छ, परिवर्तन गर्नु पर्दैन र एकै पटक Schedule मा ल्लिक गरी सेवाको लागि Schedule गर्न सकिन्छ। दोश्रो तरिका Quick Action खण्डमा रहेको Schedule Option वाट पनि गर्न सकिन्छ |

तर यहाँ वाट गर्दा कुन सेवाको लागि Schedule गर्न चाहेको हो सो सेवा छनोट गरे पछि मात्रा Scheduling को Window खुल्छ र माथि जस्तै भर्न सकिन्छ ।

Scheduling किन गर्ने ?

निरन्तर रूपमा सेवा लिन आउनु पर्ने सेवामा एकै क्लिकमा औउनु पर्ने सेवाग्राहीको List निकाल्न, छुटेका सेवाग्राहीहरूको List निकाल्न जस्तै खोप लगाउन छुटेका वा डिपो लगाउन छुटेका वा ANC Visit छुटेका आदी सवै सेवाग्राहीको विवरण हेर्न, SMS पठाउने प्रणाली संग जोडेको अवस्था सेवाग्राहीलाई SMS पठाउन, स्वास्थ्यकर्मीलाई Notification पठाउन आदि जस्ता कार्यहरू गर्नका लागि यो चरण उकदमै महत्वपूर्ण हुन्छ । त्यसैले अलोअप वा अर्को सेवा (जस्तै खोप, वृद्दि अनुगमन, गर्भवती जाँच आदी) लिनु पर्ने अवस्थामा Scheduling अनिवार्य रूपमा गर्नु पर्दछ । Schedule गरेको सेवा लिन सेवा ग्राही आएमा सोही Event मा क्लिक गरे सेवा दिनु पर्दछ ।




## 5.2 बाल खोप सेवा

यस Stage मा आफ्नो संस्थामा पहिले लगाएको वा यो पटक लगाउने वा अन्य संस्थामा लगाएको खोपको विवरण राख्न सकिन्छ । यस Stage मा वालवालिका तथा किशोरीहरूलाई लगाउने HPV खोपको अभिलेख राख्न सकिन्छ ।

<table>
<tr><td>Event Date:</td><td>खोप दिएको मिति<br>यदि आफ्नै संस्थामा पहिले लगाएको खोपको विवरण राख्ने भए पुरानो मिति छनोट गर्नुहोस । यो पटकको खोपको विवरण राख्न खोप दिएको मिति छनोट गर्नुहोस ।</td></tr>
<tr><td>वि.सि.जि खोप</td><td>

यदि आज आफ्नै संस्थामा BCG खोप दिएको भए चित्रमा जस्तै आफ्नै संस्थामा क्लिक गरि वि.सि.जि. खोप दिएकोमा Yes मा छिक चिन्ह लगाउनुहोस । यदि शिशु आज अन्य खोप लगाउन आएको छ र वि.सि.जि. अन्यत्र लगाएर आएको छ भने अन्यत्र लगाएकोमा क्लिक गर्नुहोस र खोप लगाएको मिति उल्लेख गर्नुहोस ।

</td></tr>
</table>

<table>
<tr><td></td><td>तर ध्यान दिनुहोस, यदि आफ्नै संस्थामा पहिले वि.सि.जि. लगाएको विवरण राख्ने माथि खोप लगाएको मितिमा पुरानो मिति राखी यस खण्डमा आफ्नै संस्थामा र Yes Click गर्नु पर्दछ।</td></tr>
<tr><td>६ हप्तामा लगाउने खोपहरू</td><td>

यस खण्डमा ६ हप्तमा लगाउने खोपहरू आज लगाउने हो भने आफ्नैमा क्लिक गरी ६ हप्ताको सवै खोप दिएको मा ठिक चिन्ह लगाउनुहोस। प्रत्येक खोपमा आफै ठिक चिन्ह लाग्छ। प्रत्येक खोपमा अलग अलग ठिक चिन्ह लगाउनु पर्दैन। तर यदि कुनै कारण वस कुनै खोप नदिने भए (जस्तै कुनै खोप अभाव भए) पुन ६ हप्ताको सवै खोप दिएकोमा ठिक चिन्ह हटाई कुन खोप नदिएको हो सो मा रहेको ठिक चिन्ह हटाईदिनुहोस।</td></tr>
<tr><td>१० हप्तामा लगाउने खोपहरू देखि १५ महिना सम्म</td><td>

६ हप्ताको जस्तै जुन खोप दिएको हो सो खण्डमा आफ्नै संस्थामा क्लिक गरी सवै खोप लगाएको भन्नेमा ठिक चिन्ह लगाउनुहोस।</td></tr>
<tr><td colspan="2">नोट: पहिले लगाएको खोप हरू अर्को Event Create गर्दा देखिंदैन। जस्तै यसै संस्थामा पहिले BCG, DPT1 लगाएको छ भने अव New event Create गर्दा सवै भन्दा माथि १० हप्ताका खोपहरू भन्ने खण्ड देखिन्छ।<br>त्यसै गरी पहिले यदि Event schedule गरिएको रहेछ भने चित्रमा जस्तै Scheduled: भनेर Event को List Top मा देखिन्छ। अव खोप सेवा दिंदा सोही Event मा क्लिक गरी विवरण भर्नु पर्दछ। नयाँ Event Create गर्नु हुँदैन।</td></tr>
</table>




| | |
|---|---|
| HPV खोप | HPV खोप दिएको विवरण यहाँ रेकर्ड गर्नु पर्दछ। |

## 5.3 पोषण सेवा (वृद्दि अनुगमन र किशोरी पोषण)

यस Stage मा वृद्दि अनुगमन, बाल भिटा, पोषिलो आहार वितरण र भिटामिन ए अभियानमा दिईने सेवाको अभिलेख राख्न सकिन्छ।

| | |
|---|---|
| वृद्दि अनुगमन विवरण | <br><br>यस खण्डमा शिशुको उमेर Visit Date (Event date) छनोट गरे पछि आफै महिनामा देखिन्छ। यो वृद्दि अनुगमन नयाँ हो की पुरानो छनोट गर्नुहोस। यो विवरण पहिलो पटक सेवा लिनेलाई मात्र दखिन्छ। शिशु जन्मँदाको तोल कति थियो ग्राममा राख्नुहोस। यो विवरण पनि एक पटक राखे पछि दोश्रो पटक राख्न पर्दैन।<br>अव शिशुको तोल के.जि. मा राख्नुहोस र उचाइ से.मि. मा राख्नुहोस। शिशुको उचाई/लम्वाई लिएको तरिका कसरी हो उल्लेख गर्नुहोस।<br>यदि शिशुको उमेर ६ देखि ९ महिना सम्मको छ भने पूर्ण स्तनपान गरेको र थप खाना सुरू गरेको विवरण भर्ने फिल्ड पनि देखिन्छ। अभिभावकलाई शोधी भर्नु पर्दछ। एक पटक भरे पछि उक्त Field हरू पुन देखिँदैन।<br>कार्यक्रम लागु भएको स्थानमा यदि शिशुलाई अतिरिक्त पोषिलो आहार विवतरण गरेको गए ठिक चिन्ह लगाउनुहोस।<br>Z Score र वर्गिकरण<br>वृद्दि अनुगमन सेवामा तौल मात्र Entry गरेमा Form मा उमेर अनुसार तौलको वर्गिकरणको देख्न सकिन्छ ।<br>यदि शिशुको उचाई पनि Entry गरेमा उमेर अनुसारको तौल (Weight for Age), उचाई अनुसारको तौल (Weight for Age) र उमेर अनुसारको उचाई (Height for Age) को Z-Score हरू Indicator Widget मा देखाईन्छ। सुताएर र उठाएर लिएको अवस्था अनुसार Height Adjust गरिएको हुनाले जति मापन गरीएको उचाई वा लम्वाई हो सोही Entry गर्नु पदर्छ। |

<table>
<tr><td>बालभिटा कार्यक्रम र भिटामिन ए अभियान</td><td>

यस खण्डमा शिशुलाई बाल भिटा दिएको भए विवरण बाल भिटा खण्डमा भर्नुहोस। स्वयंसेविकाले पनि वाल भिटा दिने हुँदा उनीहरूले दिएको र यहाँ Entry गरेको विवरण जोडिएर मासिक प्रतिवेदनमा जाने गर्दछ। तर ध्यान दिनु पर्ने कुरा स्वास्थ्य संस्थावाट दिएको भए मात्र यहाँ अध्यावधिक गर्नुहोस।<br>त्यसै गरी भिटामिन ए तथा जुकाको औषधि खुवाउने अभियानमा स्वास्थ्य संस्थावाट भिटामिन ए वा जुकाको औषधि खुवाएको भए यहाँ अभिलेख राख्न सकिन्छ। यहाँ राखेको अभिलेख र वडा वाट स्वयंसेवकहरूले खुवाएको अभिलेख जोडिएर मासिक प्रतिवेदनमा जाने गर्दछ। तर एकै व्यक्तिलाई दुई तिर राख्नु हुँदैन।</td></tr>
<tr><td colspan="2">5.4 बाल रोगको एकिकृत व्यवस्थापन (२ देखि ५९ महिना)<br>२ देखि ५९ महिनाविरामी शिशुहरूको व्यवस्थापनका लागि यो Stage मा जानु पर्दछ। IMNCI Register मा जस्तै यहाँ पनि विवरणहरू भर्न सकिन्छ र Classification आफै आउँछ।</td></tr>
<tr><td>Event Date</td><td>जाँच गरेको मिति</td></tr>
<tr><td>General Examination</td><td>

भेटको प्रकार नयाँ वा फलोअप के हो छनोट गर्नुहोस। यदि गाउँघर क्लिनिक वाट सेवा दिएको भए गाउँघर क्लिनिकमा ठिक चिन्ह लगाउनुहोस। शिशु प्रेषण भई आएको भए Referred by कस्ले प्रेषण गरेको हो छनोट गर्नुहोस। उमेर महिनामा आफै भरिन्छ तर Event Date छनोट गरेको हुनु पर्दछ। शिशुको तौल के.जि. मा राख्नुहोस, उचाई से.मि. मा राख्नुहोस। तपक्रम फरेनहाईटमा राख्नुहोस। डिग्रि सेल्सिय अफै आउँछ।</td></tr>
</table>

| | |
|---|---|
| खतराका चिन्हहरूको जाँच | <br><br>यस खण्डमा कुनै खतराको चिन्ह मा Yes क्लिक गरे पछि मात्र खतराको चिन्हहरू भर्ने फिल्डहरू खुल्दछन्। यदि शिशुमा कुनै खतराको चिन्ह छैन भने यसलाई खाली नै छोडिदिनुहोस। यदि कुनै खतराको चिन्ह छ भने मात्र चिन्ह लगाएर कुन कुन खतराको चिन्ह छ ती चिन्हहरूमा मात्रा ठिक चिन्ह लगाउनुहोस। |
| स्वासप्रस्वास सम्वन्धी समस्याको मुल्याङकन | <br><br>यस खण्डमा खोकी लागेको वा सास फेर्न गाह्रो भएको मा Yes मा ठिक चिन्ह लगाए मात्र वाँकी फिल्डहरू खुल्दछन्। यदि शिशुमा समस्या छैन भने खोकी लगेको वा सास फर्ने गाह्रो भएकोलाई खाली छोडिदिनुहोस र यदि समस्या छ भने वाँकि फिल्डहरू IMNCI Guideline अनुसार जाँच गरि भर्नुहोस। |

<table>
<tr>
<td>पखालाको मुल्याङकन</td>
<td>

यस खण्डमा शिशुलाई पखाला लागेको भए पखाला लागेकोमा ठिक चिन्ह लगाउनुहोस र वाँकि फिल्डहरू देखिन्छ । शिशुको जाँच गरि Findings हरू छनोट गर्ने वा ठिक चिन्ह लगाउने जुन प्रकारको छ सोही अनुसार छनोट गर्दै जानुहोस ।</td>
</tr>
<tr>
<td>ज्वरो सम्वन्धि मुल्याङकन</td>
<td>

यदि शिशुलाई ज्वरो आएको छ भने ज्वरो आएको मा ठिक चिन्ह लगाउनुहोस र वाँकि भर्ने विवरणहरू खुल्दछ । बाकि विवरण IMNCI को निर्देशिका अनुसार भर्दै जानुहोस । ज्वरो नआएको भए ज्वरो आएको भन्ने फिल्ड खालि छोडिदिनुहोस ।</td>
</tr>
</table>

| | |
|---|---|
| दादुरा सम्वन्धी मुल्याङकन | <br>दादुरा सम्वन्धि मूल्याङकन<br>३ महिना यता दादुरा आएको ☑ Yes<br>दादुरा जस्तै जिउभरी डावर ☐ Yes<br>खोकी, सिंगान वग्ने वा आँखा रातो ☐ Yes<br>मुख भित्र घाउ ☐ Yes<br>आँखावाट पिप वगेको ☐ Yes<br>गहिरा र फैलिएका घाउ ☐ Yes<br>कर्निया धमिलो ☐ Yes<br>यदि शिशुलाई ३ महिना भित्र दादुरा आएको थियो वा हाल दादुरा आएको छ भने मात्रा यस खण्डमा ठिक चिन्ह लगाई वाँकि विवरणहरू भर्नुहोस। यदि छैन भने खाली छोडिदिनुहोस। |
| कान सम्वन्धि समस्याको मुल्याङकन | <br>कान सम्वन्धि समस्याको मुल्याङकन<br>कानको समस्या ☑ Yes<br>कान दुखेको ☐ Yes<br>कान वाट पिप वगेको ☑ Yes<br>कति दिन देखि<br>कानको पछाडीको भाग दुख्ने गरी सुन्निएको ☐ Yes<br>यस खण्डमा शिशुको काम दुख्ने वा कान वाट पिप वगेको छ भने ठिक चिन्ह लगाएर वाँकि विवरणहरू भर्नुहोस। कान वाट पिप वगेको भए पिप वगेकोमा ठिक चन्ह लगाउनुहोस र कित दिन देखि भन्ने विवरण राख्ने ठाउँ देखिने छ। |
| पोषण र रक्तअल्पता सम्वन्धी मुल्याङकन | <br>पोषण र रक्तअल्पता सम्वन्धि मुल्याङकन<br>शरिरको मासु देखिने गरी सुकेको ☐ Yes<br>थिच्दा खाल्डो पर्ने गरि खुट्टा सुन्निएको ☐ Yes<br>मुआक (MUAC) जाँच Green<br>हत्केलामा सेतोपना हत्केलामा सेतोपना नभएको<br>IMNCI निर्देशिका अनुसार सवै बालवालिकाको पोषण सम्वन्धि मुल्याङकन गर्नु पर्दछ। त्यसैले यस खण्डका सवै विवरणहरू खुला गरिएको छ। बालवालिकाको मुल्याङकन गर्दा देखिएका विवरणहरू फारम अनुसार अध्यावधिक गर्नुहोस। |

| | |
|---|---|
| क्षयरोग र HIV सम्वन्धि मुल्याङकन |  परिमार्जित IMNCI Chartbooklet 2079 अनुसार शिशुको HIV र क्षयरोग सम्वन्धि मुल्याङन समेत गर्नु पर्दछ। HIV मा आमाको HIV अवस्था अध्यावधिक गर्नुहोस र शिशुमा क्षयरोगको संका भएमा क्षयरोगको सम्भावनामा ठिक चिन्ह लगाई वाँकि विवरण भर्नुहोस। |



| | |
|---|---|
| वर्गिकरण |  शिशुको मुल्याङकन सकिए पछि वर्गिकरणको खण्ड देखिन्छ। यसमा मुल्याङकनका क्रममा देखिएका चिन्हहरू अनुसार वर्गिकरणहरू आफै देखिन्छन्। आफै नदेखिएको अवस्थामा सेवाप्रदायकले छनोट गर्न सकिन्छ।<br>ध्यान दिनु पर्ने कुरा IMNCI कार्यक्रमले तोकिएका वाहेक अन्य समस्या लिएर पनि शिशु उपचारको लागि ल्याईएको हुन्छ। सो अवस्थामा अन्य वर्गिकरणमा क्लिक गरी अन्य वर्गिकरण के हो सो छनोट गर्नुहोस। जस्तै शिशु चोट पकट लागि वा उपचारको लागि आएमा अन्यमा क्लिक गरि अन्य वर्गिकरणहरूमा Cut injury वा अन्य के हो भर्नु पर्दछ। |

<table>
<tr>
<td></td>
<td>न्यसै गरि IMNCI कार्यक्रममा दर्ता भए पश्चात Diagnosis को विवरण OPD data set मा पनि जानु पर्ने भएकोले मुख्य एक Classification छनोट गर्नुहोस भन्ने Field मा शिशुको कुनै एक मुख्य समस्या छनोट गर्नु पर्दछ । यो Field अनिवार्य गरिएको छ । यस फिल्डमा छनोट भएको ICD Code अनुसार सम्वन्धित रोगमा OPD सेवामा पनि सेवाग्राही गणना हुन्छन् ।<br>यस खण्डको अन्तमा रहेको Full Treatment फिल्डमा शिशुलाई कुन कुन औषधि के कति मात्रामा दिएको हो सो को विवरण लेख्नु पर्दछ ।</td>
</tr>
<tr>
<td>Recommended Treatment</td>
<td>

लक्षण चिन्हका आधारमा जुन जुन वर्गिंकरण देखिन्छ, IMNCI Chart Booklet अनुसार सिफारिस गरिएको उपचार छोटकरीमा यहाँ देखिएको हुन्छ । यो खण्ड स्वास्थ्यकर्मीलाई उपचारको लागि निर्देशिका मात्र हो । यहाँ कुनै पनि Field भर्नु पर्दैन ।</td>
</tr>
<tr>
<td>उपचार दिएको</td>
<td>

IMNCI कार्यक्रममा उपचारको विवरण यस खण्डमा अध्यावधिक गर्नु पर्दछ । उपचार सेवा दिएको विवरण यी Field हरूवाटै गणना भएर मासकि प्रतिवेदनमा जाने हुँदा वर्गिकरण अनुसार उपचार गरेको भए सम्वन्धित महलमा ठिक चिन्ह लगाउन भुल्नु हुँदैन, अन्यथा मासिक प्रतिवेदनमा फरक पर्न सक्छ ।</td>
</tr>
</table>

| | |
|---|---|
| परामर्श | <br><br>यस खण्डमा परामर्श दिएको विवरण र फलोअप मिति लेख्नु पर्दछ। परामर्श दिएको विवरणमा जुन जुन परामर्शहरू गरिएको छ सो सवैमा ठिक चिन्ह लगाउनुहोस। |
| फलोअप वयवस्थापन | फलोअप जाँच तय गर्नका लागि Schedule मा गई गर्नुहोस। |

## 5.5 बाल रोगको एकिकृत व्यवस्थापन (२ महिना भन्दा कम)

सेवा दिने दिन शिशुको उमेर २ महिना भन्दा कम भएमा मात्र यो Stage देखिन्छ। २ महिना मुनिका सवै शिशुहरूको जुनसुकै समस्या भएतापनि यहि Stage मा अभिलेख राखिन्छ।

| | |
|---|---|
| Event Date | यस Stage मा Event date लाई जाँच गरेको मिति नाम दिईएको छ। |
| Examination | <br><br>यस खण्डमा दिईएका विवरणहरू भर्नुहोस। |

| | |
|---|---|
| खतराका चिन्हहरूको जाँच | <br><br>माथि उल्लेख गरिएका खतराका चिन्हहरू भए ठिक चिन्ह लगाउनुहोस, नभएमा खाली छोड्नुहोस। शिशुको प्रति मिनेट सास दर लेख्नुहोस। |
| पखाला सम्वन्धी मुल्याङकन | <br><br>शिशुलाई पखाला लागेको भए पखाला लागेकोमा ठिक चिन्ह लगाई जलवियोजन सम्वन्धि विवरणहरू भर्नुहोस। |

<table>
<tr>
<td>पोषण सम्वन्धि मुल्याङकन</td>
<td>


शिशुको पोषण सम्वन्धि मुल्याङकनको विवरणहरू भर्नुहोस ।
</td>
</tr>
<tr>
<td>Classification and Treatment</td>
<td>


यस खण्डमा मुल्याङकन अनुसार वर्गिकरण र वर्गिकरण गरिएका समस्याको चार्ट वुकलेटमा उल्लेख भए अनुसारको उपचार सिफारिस देख्न सकिन्छ । यस खण्डको अन्तमा ICD Code for one major diagnosis खण्डमा मुख्यको ICD code छनोट गर्नुहोस जसको आधारमा OPD मा प्रतिवेदन हुने गर्दछ ।
</td>
</tr>
<tr>
<td>उपचार दिएको विवरण</td>
<td>


यस खण्डमा उपचार गरिएको विवरणहरू भर्नुहोस । यदि उल्लेख गरिएका Antibiotic दिएको भए जुन दिएको हो सो मा ठिक चिन्ह लगाउनुहोस ।
</td>
</tr>
</table>

| | |
|---|---|
| परामर्श तथा फलोअप | <br>परामर्श तथा फलोअप<br>स्तनपान ☐ Yes<br>न्यानो राख्ने ☐ Yes<br>कहिले तुरून्त आउने ☐ Yes<br>प्रेषण गरेको ☐ Yes<br>फलोअप भेट भए पहिलेको उपचारको नतिजा के भयो<br>यस खण्डमा दिए अनुसार परामर्श र फलोअप भेटको नतिजा उल्लेख गर्नुहोस। |
| फलोअप व्यवस्थापन | फलोअपमा कहिले वोलाउने हो सो अनुसार Follow up event schedule गर्नुहोस। |

## 5.6 गर्भवती जाँच

मातृ शिशु तथा नवशिशु स्याहार रजिष्टरमा गर्भ, प्रसुती तथा सुत्केरी र नवजात शिशु स्याहार सम्वन्धि सवै सेवा विवरण एकै रजिष्टरमा राखिएको भएता पनि यस प्रणालीमा गर्भवती जाँच, प्रसुती सेवा, नवजात शिशु स्याहार सेवा र सुत्केरी जाँच सेवा गरी चार Stage मा राखिएको छ।

| | |
|---|---|
| Event Date | गर्भवती जाँच मिति |
| Basic info | <br>Basic info<br>गर्भवती जाँचको मिति * 2026-01-08<br>Organisation unit * Demo<br>ANC-प्रोटोकल अनुसार गर्भवती जाँच<br>अन्तिम महिनावारी मिति (LMP) 2025-10-15<br>मुल दर्ता प्रकार ○ नयाँ ○ पुरानो<br>गर्भको अवधी (हप्तामा) 12<br>प्रसुती हुने अनुमानित मिति 2026-07-22<br>पहिलो गर्भवती जाँच (जुनसुकै समयको) ☐ Yes<br>प्रोटोकल अनुसार गर्भवती जाँच ○ पहिलो सम्पर्क / परीक्षण १२ हप्ता सम्म ○ प्रोटोकोल बाहेक अन्य जाँच<br>पहिलो पटक गर्भवती जाँचको Event भर्दा अन्तिम महिनावारी भएको मिति भर्नु पर्दछ, तर त्यस पछिका event हरूमा भरिरहनु पर्दैन। गर्भवती जाँच मिति छनोट गरे पछि गर्भको अवधि हप्तामा र प्रसुती हुने अनुमानित मिति आफै आउँछ। गर्भको अवधि अनुसार त्यस पछि निम्नानुसारको Option हरू देखिन्छ।<br>पहिलो पटक जुन सुकै समयको<br>पहिलो सम्पर्क परिक्षण १२ हप्ता सम्म<br>दोश्रो सम्पर्क परीक्षण १३-१६ हप्ता (चौथो महिना)<br>तेश्रो सम्पर्क परीक्षण  २० देखि २४ हप्ता |

<table>
<tr>
<td></td>
<td>
चौथो सम्पर्क परीक्षण २८ हप्तामा<br>
पाँचौं सम्पर्क परीक्षण ३२ हप्तामा<br>
छैठौं सम्पर्क परिक्षण ३४ हप्तामा<br>
सातौं सम्पर्क परीक्षण ३६ हप्तामा<br>
आठौं सम्पर्क गरीक्षण  ३८ देखि ४० हप्तामा<br>
<br>
गर्भको हप्ता अनुसार ३ किसिमका Option हरू प्रोटोकल अनुसारको जाँचमा देखिने गर्दछन् ।<br>
पहिलो पटक जुनसुकै समयको जाँच<br>
प्रोटोकल अनुसारको जाँच<br>
प्रोटोकल वाहेकको जाँच<br>
<br>
यदि गर्भवती महिला पहिलो पटक स्वास्थ्य संस्थामा जाँच गराउन आएको भए पहिलो पटक जनुसुकै समयकोमा ठिक चिन्ह लगाउनुहोस । यसले गर्भावस्था भन्दा पहिलेका Chronic Conditions हरू लिने Field खुल्दछ ।<br>
यदि महिला प्रोटोकल अनुसारको हप्तामा आएको भए प्रोटोकल अनुसारको जाँच मा ठिक चिन्ह लगाउनुहोस र यदि प्रोटोकल वाहेकको हप्तामा आएको भए प्रोटोकल वाहेकको जाँचमा ठिक चिन्ह लगाउनु होस ।<br>
प्रोटोकल वा प्रोटोकल वाहेकको जाँचमा ठिक चिन्ह लगाए पछि मात्र गर्भवती जाँचको फिल्डहरू खुल्ने गर्दछ ।
</td>
</tr>
<tr>
<td>ANC Reproductive History</td>
<td>


यदि कुल गर्भ संख्यामा एक भन्दा वढि हाले पछि मात्र यो Filed हरू खुल्दछ । पहिलो गर्भमा देखिँदैन । र पहिलो पटकको जाँचमा मात्र यो खण्ड खुल्दछ । यसमा महिलाको विगतको प्रजनन् ईतिहाँस वारे सोधे अनुसारको विवरण भर्नुहोस ।
</td>
</tr>
</table>

| | |
|---|---|
| ANC History taking | <br>ANC-History Taking<br>उच्च रक्तचाप (Hypertension) ○ छ ○ छैन<br>मधुमेह (diabetes) ○ छ ○ छैन<br>दम (asthma) ○ छ ○ छैन<br>Rheumatic heart disease ○ छ ○ छैन<br>अन्य मुटु सम्बन्धि समस्या (cardiac disease) ○ छ ○ छैन<br>मृगौला सम्बन्धि दिर्घ समस्या (Chronic Renal Disease) ○ छ ○ छैन<br>प्रजनन् अंगहरुको अप्रेसन गरेको (major Gynaecologial Surgery) ○ छ ○ छैन<br>छारे रोग (Epilepsy) ○ छ ○ छैन<br>क्षयरोग (tuberculosis) ○ छ ○ छैन<br>Hepatitis वा जण्डिस ○ छ ○ छैन<br>मानसिक स्वास्थ्य समस्या Mental health problems ○ छ ○ छैन<br>कुनै औषधि नियमित सेवन गर्ने ○ छ ○ छैन<br>धुम्रपान वा सुर्तिजन्य पदार्थको सेवन ○ छ ○ छैन<br>मद्यपान ○ छ ○ छैन<br>गर्भवती हुनु भन्दा अगाडीको तौल<br>RhD<br>Blood group<br>यो खण्ड पहिलो पटकको गर्भजाँचमा ठिक चन्ह लगाए मात्र खुल्दछ । यसमा महिला गर्भवती हुनु भन्दा अगाडीको ईतिहाँसको विवरण लिईन्छ । पहिलो पटक गर्भजाँच गर्दा यी विवरणहरू एक एक गरी सोधेर छ वा छैन उल्लेख गर्नुहोस । महिलाको गर्भवती हुनु भन्दा अगाडिको तौल उल्लेख गर्नुहोस र रक्त समूहको विवरण पनि उल्लेख गर्नुहोस । |

| | |
|---|---|
| गर्भावस्थामा देखिएका समस्याहरू | **ANC-हाल तलका मध्ये कुनै समस्या देखिएको**<br>वाकवाकी लाग्ने वा वान्ता हुने — ○ छ ○ छैन<br>सुन्निएको छ कि छैन ? — ○ छ ○ छैन<br>सुन्निएको — ○ खुट्टा मात्र ○ हात (खुट्टा+/-) ○ अनुहार मात्र ○ सवै<br>योनीवाट गन्ध आउने वा सेतो पानी वग्ने — ○ छ ○ छैन<br>योनी वाट रक्तश्राव हुने — ○ छ ○ छैन<br>ज्वरो आउने वा पिसाव फेर्दा पोल्ने — ○ छ ○ छैन<br>ढाड दुख्ने — ○ छ ○ छैन<br>खोकी वा सास फेर्न गाह्रो भएको — ○ छ ○ छैन<br>क्षयरोगको औषधि खाइरहेको — ○ छ ○ छैन<br>कुनै Major Complication — [ ▾ ]<br>Complication को कारणले प्रेषण गरेको — ☐ Yes<br><br>यस खण्डमा गर्भावस्था देखिन सक्ने major and minor complications हरू भए नभएको विवरण लिईन्छ। यो विवरण सवै गर्भजाँचमा लिनु पर्दछ। यदि एक भन्दा वढि Major Complication भए मुख्य Complication उल्लेख गर्नुहोस। |
| ANC Examination | **ANC-जाँच गर्नुहोस / Examination**<br>हालको तौल (के.जि.मा) — [ ]<br>महिलाको उचाइ (से.मि.मा) ⓘ — [ ]<br>Systolic रक्तचाप — [ ]<br>Diastolic रक्तचाप — [ ]<br>हत्केलामा फुस्रोपना — ○ कडा(Severe) ○ केही(Some) ○ छैन(No)<br>Conjuctiva फुस्रोपना देखिएको — ○ कडा(Severe) ○ केही(Some) ○ छैन(No)<br>Conjunctiva मा पहेंलो — ☐ Yes<br>पाठेघरको उचाई (से.मी.) — [ ]<br>पाठेघरको उचाइ (हप्तामा) — [ ]<br>शिशुको हृदय गती — [ ] |

| | |
|---|---|
